**मिति २०८२।०९।१८ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८२/०८३ को आठौं नगर कार्यपालिका बैठकका निर्णयहरुः**

**निर्णय नं. १** गैडाकोट नगरपालिकाका देहाय बमोजिमका कार्यविधिहरु संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

(क) गैंडाकोट नगरपालिकाको वारुणयन्त्र व्यवस्थापन तथा संचालन कार्यविधि, २०८२

(ख) विपद् व्यवस्थापन स्वयंसेवक व्युरो गठन परिचालन कार्यविधि, २०८२

**निर्णय नं. २** गैंडाकोट नगरपालिका क्षेत्रभित्रका अस्थायी संरचनाहरु (Prefabricated,Bamboo आदि) हकमा नक्सा पास गर्दा स्थायी इजाजत प्रदान गरि निर्माण सम्पन्न प्रदान गर्ने,यस्ता संरचनाहरुबाट हुने जोखिमको जिम्मेबारी भने स्वयं घर धनी नै हुने र DEAD END (५० मी.) सम्मको बाटोको हकमा ४ मी. ROW र अन्य मापदण्डमा रहेको setback को दुरी छोड्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** नेपाल विद्युत प्राधिकरणबाट KYC अध्यावधिक गर्ने प्रयोजनका लागि विद्युतमिटर जडान कर्ताहरुबाट सम्बन्धीत घरजग्गा धनीको नाममा रहेको जग्गाको लालपुर्जा माग भएको सन्दर्भमा नगरपालिका अन्तर्गतका वडा कार्यालय एवं स्वास्थ्य सस्थाहरुको आफ्नै नाममा लालपुर्जा प्राप्त नभई सार्वजनिक जग्गाहरुमा भवन निर्माण भई सेवा प्रवाह गरिएका कार्यालयहरुको हकमा यथास्थिति बमोजिम नै KYC अध्यावधिक गरिदिन सम्बन्धित नेपाल विद्युत प्राधिकरण शाखा, प्रशाखाहरुमा जानकारी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४** जिल्ला उद्योग वाणिज्य संघ गैंडाकोटको आयोजनामा चौथो गैंडाकोट महोत्सव-२०८२ यहि मिति २०८२।०९।२५ गते देखि २०८२।१०।०५ गते सम्म गैंडाकोट -२ स्थित नारायणी किनारमा सञ्चालन हुने महोत्सवका लागि प्रदर्शनी स्थल निर्माण गर्ने प्रयोजनका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ उपयोग गर्न माग भई आए बमोजिम गैर व्यवसायीक प्रयोजनको लागि यस नगरपालिका क्षेत्र भित्रको IEE गरेको क्षेत्रबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५** गैंडाकोट नगरपालिका क्षेत्र भित्र बाटो खोल्दा/निर्माण गर्दा मापदण्ड बमोजिम बाटो खोल्नु पर्ने छ । दुई संधियार जग्गा धनीको बिचबाट बाटो खोल्दा/निर्माण दुवै पक्षको मञ्जुरी भएमा दुवै पक्षको बराबरी वा आपसी सहमती बमोजिम मापदण्ड अनुसारको जग्गा छोडी बाटो खोल्नु पर्ने छ । तर यदी दुवै संधियार जग्गा धनीको बाटो खोल्ने सन्दर्भमा एक आपसमा पारस्परिक सहमति वा मञ्जुरी नभई बाटो खोलिएमा बाटो खोल्न चाहने संधियारले वा बाटो खोलिसकेको संघियार पक्षले नै मापदण्डका लागि चाहिने पुरै जग्गा छोडी बाटो खोल्नु पर्ने छ । र उक्त संधियारको सहमती विना खोलिएको कि.नं. भित्रको जग्गामा पछि अन्य जग्गा घडेरी किनी घर बनाउन चाहने पक्षले समेत मुल कि.नं. मा खोलिएको बाटो बमोजिम जग्गा छोड्नु पर्ने छ । साथै यसरी खोलिएको बाटोमा अन्य बिषयका मापदण्ड कानून बमोजिम नै लागू हुने निर्णय गरियो ।

**निर्णय नं. ६** पूर्वाधार विकास कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को च.नं. १७७ मिति २०८२/०९/१८ गतेको पत्रबाट माग भई आए बमोजिम गैंडाकोट वडा नं. १ र ३ जोड्ने जुक्ती खोलामा निर्माणाधिन पुल निर्माणको लागि निर्माण कम्पनी सफल कन्स्ट्रक्सन एण्ड इक्विप्मेन्ट प्रा.लि. भरतपुर, चितवनलाई आवश्यक पर्ने नदीजन्य पदार्थ (ढुंगा,गिट्टी, वालुवा लगायत ) ९०० घन मिटर गण्डकी प्रदेश सरकारले तोकेको दररेट बमोजिमको राजश्व लिई नगरपालिकाका क्षेत्र भित्रको IEE गरेको स्थानबाट उपलब्ध गराउने साथै गैंडाकोट नगरपालिकाबाट गठित ढुंगा, गिट्टी, बालुवा र माटो बिक्री तथा व्यवस्थापन निर्देशक समितिबाट सोको अनुगमन समेत गराउने निर्णय गरियो ।

[illegible] नम्रगाई
प्रमुख प्रशा[illegible] अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं .७** गैंडाकोट नगरपालिका वडाहरु / सुमितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षक परिवर्तन/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | **साविकको योजना** | **रकम** | **परिवर्तित योजना शिर्षक** | **रकमान्तर योजना रकम** |
|---|---|---|---|---|
| ६ | विविध मार्ग स्तरोउन्नती पिच/ कालोपत्रे/ मोज्याक टायल क्र.सं. ४१४ | रु.३०,००,०००/- | विविध मार्ग स्तरोउन्नति पिच/ कालोपत्रे/ मोज्याक टायल | रु.२०,००,०००/- |
| | | | आकस्मिक पर्ने पुर्वाधार निर्माण | रु.२,५०,०००/- |
| | | | भाग्योदय खेलकुद स्थलमा फुटसल मैदान निर्माण | रु.१०,००,०००/- |
| ६ | युवा खेलकुद प्रशिक्षण एवं सहभागीता क्र.सं. ४०४ | रु.१,००,०००/- | | |
| ६ | भाग्योदय खेलकुद स्थल एवं क्रिकेट क्रेज निर्माण क्र.सं.४२१ | रु.१,५०,०००/- | | |
| १८ | बसेनी खेल मैदान निर्माण क्र.सं.७४९ | रु.२,५०,०००/- | मिरमिरे महिला समुह भवन | रु.२,५०,०००/- |
| १८ | अकला देखि मन्दिर मोटर बाटो सरसफाई क्र.सं.७३२ | रु.४,००,०००/- | वडा कार्यालय भवन निर्माण | रु.५,००,०००/- |
| १८ | तालिम तथा उत्प्रेरणा कार्यक्रम सञ्चालन क्र.सं.७२० | रु.१,००,०००/- | | |

रामचन्द्र लामगाडे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख